कोशी प्रदेशको आर्थिक बुलेटिन

वर्ष-३, अंक - ५, आर्थिक वर्ष २०८३/८४ भाद्र, २०८३

कोशी प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
विराटनगर, नेपाल



सम्पादकीय

गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्ष २०८३/८४ को भदौ महिनामा प्रदेश सञ्चित कोषमा प्राप्त हुने राजस्व तथा अनुदानमा गत वर्षको तुलनामा चालु आर्थिक वर्षको भदौ महिनासम्ममा केही वृद्धि भएको छ। गत आर्थिक वर्षको भाद्र महिनामा संघीय अनुदान प्राप्त भइसकेको तर चालु आर्थिक वर्षको भाद्र महिनामा प्राप्त नभएकोले प्रदेश सञ्चित कोषमा समग्र आय कम देखिएको हो।

आर्थिक मामिला तथा योजना मन्त्रालयबाट **मासिक रुपमा** आर्थिक बुलेटिन प्रकाशन गरिनेछ। प्रदेशको समग्र आम्दानी र मन्त्रालयगत खर्चको विवरण साप्ताहिक र मासिक रुपमा प्रदेश लेखा नियन्त्रक कार्यालय, कोशी प्रदेश, विराटनगरको वेवसाइट pfco.koshi.gov.np मार्फत सार्वजनिक गरिएको छ।

प्रकाशन तथा सम्पादन
वित्त तथा वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा

कोशी प्रदेशको सरकारी खर्च

१. आर्थिक वर्ष २०८३/८४ को भदौ महिनासम्म जम्मा रु.८७ करोड ४८ लाख खर्च भएको छ। कुल खर्च मध्ये चालु खर्च रु.५७ करोड २४ लाख र पूँजीगत खर्च रु.१४ करोड २४ लाख रहेको छ।

तालिका (क) पछिल्लो तीनवर्षको भदौ महिनासम्मको खर्च स्थिति **(रु.लाखमा)**

बजेट शीर्षक/आ.व.	२०८१/८२	२०८२/८३	२०८३/८४
चालु खर्च	१७९९८	६२६६	५७२४
पूँजीगत खर्च	३२४२	१३५७	१४२४
स्थानीय तह अनुदान	५६८	११९५	१६००
जम्मा खर्च	**२१८०८**	**८८१८**	**८७४८**
विनियोजनको तुलनामा खर्च %	**६.२ %**	**२.५ %**	**२.१६%**

स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।

चालु आ.व.२०८३/८४ मा यस प्रदेशको कुल बजेट रु.४० अर्ब ४४ करोड ९८ लाख रहेको छ। जसमध्ये चालु खर्च रु.१३ अर्ब ९८ करोड, पूँजीगत खर्च रु.२० अर्ब ७६ करोड, वित्तीय व्यवस्था रु.१५ करोड र स्थानीय तह अनुदान रु.५ अर्ब ५५ करोड रहेको छ।

प्रदेश सरकारको आय

२. आ.व. २०८३/८४ को भदौ महिनासम्म प्रदेश सञ्चित कोषमा रु.१ अर्ब ३७ करोड ३९ लाख राजस्व तथा अनुदान प्राप्ति भएको छ।

तालिका (ख) पछिल्लो तीन वर्षको भदौ महिनासम्मको आय स्थिति **(रु.लाखमा)**

आय शीर्षक	२०८१/८२	२०८२/८३	२०८३/८४	
			भाद्र	जम्मा
आन्तरिक राजस्व	२८५६	२००९	२७११	३६२८
संघीय राजस्व बाँडफाँट	८०९९	८८००	१०१११	१०१११
संघ वित्तीय समानीकरण अनुदान	२२३५८	२२४५८	०	०
संघ सशर्त अनुदान		७	०	०
जम्मा	३३३१३	३३२७४	१२८२२	१३७३९

स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।

चालु आ.व.२०८३/८४ को बजेटको स्रोतमा आन्तरिक राजस्व तर्फ रु.५ अर्ब ५० करोड, संघीय राजस्व बाँडफाँटबाट रु.१२ अर्ब ८७ करोड, वित्तीय समानीकरण अनुदानबाट रु.९ अर्ब १२ करोड, सशर्त अनुदानबाट रु.५ अर्ब ९५ करोड, विशेष अनुदानबाट रु.५५ करोड, समपुरक अनुदानबाट रु.८४ करोड, रोयल्टीबाट रु.४१ करोड, सोझै भुक्तानीबाट रु.२० करोड र नगद मौज्दातबाट रु.५ अर्ब गरी जम्मा र **रू.४० अर्ब ४४ करोड** खर्च व्यहोरिने अनुमान रहेको छ।

वैदेशिक सहायता

३. चालु आ.व.२०८३/८४ स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत नेपाल सरकारबाट स्वीकृत भई कोशी प्रदेश सरकार अन्तर्गतका निकायहरुबाट कार्यान्वयन हुने वैदेशिक अनुदान तथा वैदेशिक ऋण स्रोतबाट संचालन हुने कार्यक्रम तथा आयोजनाको विवरण देहाय अनुसार रहेको छ। यी आयोजना तथा कार्यक्रममा प्राप्त हुने वैदेशिक सहायताको रकम संघबाट प्रदेशलाई प्राप्त हुने सशर्त अनुदान अन्तर्गत समावेश रहको छ।

तालिका (ग) कोशी प्रदेशका निकायहरुमा वैदेशिक सहायताबाट सञ्चालित आयोजना तथा कार्यक्रमको विवरण

क्र.सं.	आयोजना/कार्यक्रमको नाम	विकास साझेदार	आयोजनाको अवधि (AD)	चालु आ.व.को (रु.लाखमा)	भुक्तानी विधि	कार्यान्वयन गर्ने/ सम्बन्धित निकाय
१.	प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP)	दाताको संयुक्त कोष		७७१	शोधभर्ना हुने अनुदान	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
२.	उदय परियोजनाः आर्थिक विकासका लागि नवप्रवर्तन र लगानी कार्यक्रम	स्वीट्जरल्याण्ड-एस डी सी	२०२३-२०२७	३७१०	नगद अनुदान र सोझै भुक्तानी अनुदान	आर्थिक मामिला तथा योजना मन्त्रालय
३.	पहाडी क्षेत्र काष्ठफल तथा फलफुल विकास आयोजना (NAFHA)	जी ए ऐफ एस पी	२०२२-२०२९	२९४८	शोधभर्ना हुने अनुदान र सोधभर्ना हुने ऋण	उद्योग, कृषि तथा सहकारी मन्त्रालय
४.	जैविक विविधता तथा जलाधार व्यवस्थापन कार्यक्रम	यु एन - जी इ एफ		१५०४	नगद अनुदान	पर्यटन, वन तथा वातावरण मन्त्रालय
५.	राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम	जि सि एफ / एफ ए ओ		१५०८	नगद अनुदान	पर्यटन, वन तथा वातावरण मन्त्रालय
६.	ग्रामीण सडक सञ्जाल सुधार आयोजना (RCIP)	ए डि बी		७८९१	सोधभर्ना हुने ऋण	भौतिक पूर्वाधार विकास मन्त्रालय
७.	सिंचाइ आधुनिकीकरण अभिवृद्धि आयोजना (संघ शसर्त अनुदान)	ए डि बी		९७६४	सोधभर्ना हुने ऋण	उद्योग, कृषि तथा सहकारी मन्त्रालय
८.	प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (विशेष कार्यक्रम समेत)	स्वीट्जरल्याण्ड-एस डी सी		६१४	नगद अनुदान	सामाजिक विकास मन्त्रालय
९.	रोजगार प्रवर्द्धन कार्यक्रम	स्वीट्जरल्याण्ड-एस डी सी		१५५	नगद अनुदान	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सामाजिक विकास मन्त्रालय र स्वास्थ्य मन्त्रालय
१०.	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम (संघ सशर्त अनुदान)	जेफम्याट		२२	नगद अनुदान	स्वास्थ्य मन्त्रालय
११.	प्रदेश सहयोग कार्यक्रम	स्वीट्जरल्याण्ड-एस डी सी		२०००	सोझै भुक्तानी अनुदान	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
१२.	विद्यालय शिक्षा क्षेत्र योजना-(प्रदेश तथा स्थानीय तहका लागि)	एस.इ.एस.पी.		२४०	शोधभर्ना हुने अनुदान र शो. भ. हुने ऋण	सामाजिक विकास मन्त्रालय
१३.	श्वयरोग नियन्त्रण (संघ सशर्त अनुदान)	जेफम्याट		२५	नगद अनुदान	स्वास्थ्य मन्त्रालय
१४.	एड्स तथा यौन रोग नियन्त्रण (संघ सशर्त अनुदान)	जेफम्याट		१६	नगद अनुदान	स्वास्थ्य मन्त्रालय
१५.	महामारी रोग नियन्त्रण कार्यक्रम	जेफम्याट		५८	नगद अनुदान	स्वास्थ्य मन्त्रालय
जम्मा				**३१२२६**		

स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय, आ.व.२०८३/८४ को बजेट तथा कार्यक्रम पुस्तिका।